नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशु सेवा विभाग

हरिहरभवन, ललितपुर

☎ ५४२१६१० | ५४४४७२५
५४२२०५६ | ५५२२०५९
५४२५७३३ | ५३५०७१७
५४३१००७ | ५३५०७१९

वेबसाइटः www.dls.gov.np
इमेल: dg@dls.gov.np (DG)
planning@dls.gov.np

पत्र संख्या :-

चलानी नं. :-

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

मितिः २०८१।०९।२४

## अफ्रिकन स्वाइन फिभर रोग सम्बन्धी प्रेस विज्ञप्ति

अफ्रिकन स्वाइन फिभर रोग सुङ्गुर, बङ्गुर तथा बँदेल प्रजातिमा विषाणुको कारण लाग्ने उच्च मृत्युदर भएको छिटो फैलिने सरूवा रोग हो। यो रोग पशुबाट मानिसमा सर्दैन।नेपालमा यो रोग पहिलो पटक २०७९ साल जेठ २ गते पुष्टि भए पश्चात् देशका २८ जिल्लाका विभिन्न स्थानहरूमा संक्रमण देखा परी जैविक सुरक्षाको विधि अवलम्बन, सीमा तथा आन्तरिक क्वारेन्टाइनबाट ओसारपसारमा निगरानी, सर्भिलेन्स, सचेतनाका कार्यक्रमहरू सञ्चालन गरी नियन्त्रण गरिएको थियो। रोगको सर्भिलेन्सको निरन्तरताको क्रममा हाल बागमती, गण्डकी र सुदुरपश्चिम प्रदेशका केही जिल्लामा अफ्रिकन स्वाइन फिभर रोग पुष्टि भएको छ। रोग अन्वेषण तथा नियन्त्रणको लागि पशु सेवा विभागबाट प्रदेश सरकार र स्थानीय तहका पशु सेवासँग सम्बन्धित निकायसंग समन्वय र सहकार्य भईरहेको छ।

यो रोगको सङ्क्रमण हुँदा उच्च ज्वरो आउने (१०४ देखि १०७ डिग्री फरेनहाईट), कान, पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुने, शरीरमा निलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छेर्ने, छट्पटाउने, लडखडाउने, तुहिने जस्ता लक्षणहरू सहित सुङ्गुर, बङ्गुर तथा बँदेल मर्ने गर्दछन्। यो रोग विशेष गरी रोगी बङ्गुर वा त्यसका पाठापाठी वा मासु वा रोगी पशुको सम्पर्कमा आएका सामग्रीहरूको लसपस वा ओसारपसारबाट फैलन सक्छ।

यो रोगको हालसम्म कुनै प्रभावकारी उपचार उपलब्ध छैन। विश्व पशु स्वास्थ्य सङ्गठनले यो रोग नियन्त्रण गर्न सङ्क्रमित क्षेत्रबाट ओसारपसार नियन्त्रण सहित जैविक सुरक्षामा विशेष ध्यान पुर्याउन सिफारिस गरेको छ। मुलुकमा यो रोगको सङ्क्रमण देखा परेको सन्दर्भमा देशको कुनै पनि स्थानमा ठूलो सङ्ख्यामा बङ्गुर मरेमा वा माथिका लक्षण देखा परेमा तत्काल सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका पशु सेवासँग सम्बन्धित निकायमा खबर गर्नुहुनका साथै देहायका उपायहरू अबलम्बन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग हार्दिक अपिल गर्दछ।

- फार्ममा जैविक सुरक्षाका विधिहरूको अवलम्बन गर्ने,
- बङ्गुर पालिएको खोर र फार्म परिसरमा नियमित सरसफाई गरी चुना, ब्लिचिङ्ग पाउडर, फर्मालिन लगायतका निःसङ्क्रमणका औषधीहरू प्रयोग गरी निःसङ्क्रमण गर्ने,
- रोगको शंका लागेका पशुहरूलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने,
- मरेको पशुलाई राम्रोसँग खाडलमा गाड्ने वा जलाउने,
- घरपालुवा सुङ्गुर, बङ्गुरलाई जङ्गली बँदेलको सम्पर्कमा आउन नदिने,
- रोग देखा परेको क्षेत्रबाट सुङ्गुर प्रजाति/पाठापाठी, सङ्क्रमित मासु र दानाको ओसारपसार नगर्ने/नगराउने,
- कुनै पनि विरामी सुङ्गुर, बङ्गुर, बँदेल मासुका लागि बध नगरौं ।
- अनिवार्य रूपमा स्वास्थ्य प्रमाणपत्र लिएर मात्र स्वस्थ सुङ्गुर बङ्गुर वा मासुको ओसारपसार गर्ने/गराउने,
- सुङ्गुर, बङ्गुर तथा बँदेललाई होटेल रेष्टुरेन्टबाट फालिएका खानेकुरा नखुवाउने,
- तयारी दाना बाहेक अन्य आहारा खुवाउनु परेमा राम्ररी पकाएर मात्र खुवाउने।

डा. [illegible] दाहाल
महानिर्देशक



CS Scanned with CamScanner